# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यासोक, पाँचथर

प.सं. :- ०७७/७८
च.नं. :- 
१ नं. प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना !!

(प्रथम पटक सूचना प्रकाशित मिति:-२०७७/०६/०२)

यस गाउँपालिका अन्तर्गत अस्थायी कोभिड अस्पताल स्थापना गरी सञ्चालन गर्नका लागि देहाय बमोजिमका पद/तह र संख्यामा सेवा करारमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको सक्कल रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | बिज्ञापन नम्बर | पद/तह | सेवा | समूह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | परिक्षा किसिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३/०७७/०७८ | मेडिकल अधिकृत (आठौ तह ) | स्वास्थ्य | ज.हे.स | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS वा सो सरह उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्नेछ। | रु. १००० | अन्तरबार्ता |
| २ | ४/०७७/०७८ | स्टाफ नर्स(पाचौं तह) | स्वास्थ्य | प.हे.न./क.न. | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा PCL in Nursing | रु. ५०० | अन्तरबार्ता |
| ३ | ५/०७७/०७८ | कार्यालय सहयोगी | - | - | १ जना | कम्तिमा एस.एल.सी वा सो भन्दा माथि उतीर्ण गरेको हुनु पर्ने छ । | रु. ३०० | अन्तरबार्ता |

(१) **दरखास्त दिने स्थान** :- कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय, यासोक, पाँचथर I

(२) **दरखास्तमा संलग्न गर्नुपर्ने** :- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, चारित्रिक प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा स्वास्थ्यका कर्मचारीको हकमा माथि उल्लेखित सहित प्रचलित नेपालको कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपि आफैंले प्रमाणित गर्नुपर्नेछ।

(३) **दरखास्त दस्तुर बुझाउने स्थान** :- कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय वा मेगा बैंक नेपाल लि. मा रहेको कुम्मायक गाउँपालिकाको खाता नं. राजस्व खाता नं. ०९६००१०३७३४७४ मा बुझाई सो को सक्कल रसिद दरखास्त साथ पेश गर्नु पर्नेछ I

(४) **दरखास्त फारम** :- कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय वा कुम्मायक गाउँपालिकाको वेबसाइट **www.kummayakmun.gov.np** बाट प्राप्त गर्न सकिने छ I

(५) **दरखास्त दिने आन्तिम मिति** :-२०७७/०६/१६ गते सम्म (सो दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय समय सम्म I)

(६) **उमेद्वारको उमेरहद** :- स्वास्थ्यकर्मीको हकमा १८ पुगी ४५ ननाघेको र कार्यालय सहयोगीको हकमा १८ पुगी ४० ननाघेको। अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने छ I

(७) **तलब सुविधा** :- सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बराबरको रकम मासिक रुपमा तलव स्वरुप भुक्तानी गरिने छ। साथै मेडिकल अधिकृतको हकमा स्थानीय तह बाट प्रचलित कानुनको अधिनमा रही थप गर्न सकिनेछ I

(८) **काम गर्नुपर्ने स्थान र अबधि:-** कुम्मायक गाउँपालिका अन्तर्गत स्थापित कोभिड-१९ अस्थायी अस्पतालमा / यस सूचना वमोजिम नियुक्ति हुने कर्मचारीहरुको कार्य-अवधी ३ (तीन) महिनाको हुने र आवश्यकता अनुसार थप हुन सक्ने छ।

(९) **सम्पर्क मिति** :- २०७७/०६/१७ गते I

(१०) **अन्तरबार्ता मिति** :- सम्पर्क मितिको दिन तोकिनेछ I

**११) यस सम्बन्धमा थप जानकारीको लागि सम्पर्क नम्बर :- ०२४-४१३०६१, ०२४-४१३०६५, ९८५२६८४०२१, ९८४२७६७२८८**

प्रमुख प्रशासकीय अधिकृत

फोन: ०२४-४१३०६१
ई-मेल: **info@kummayakmun.gov.np** वेवसाइट: **www.kummayakmun.gov.np**